नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ३९७ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।**

विषय :- **स्थानीय विक्रेताले पर्यटकलाई बिक्री गरेको सामानको निर्यातको अग्रिम भुक्तानी प्रमाणपत्र जारी गर्ने बारे ।**

महाशय,

पर्यटकले स्थानीय विक्रेताबाट खरिद गरेको सामान निर्यात प्रक्रिया अपनाई स्थानीय विक्रेता फर्मले नै पर्यटकको ठेगानामा पठाउने भएमा त्यस्तो सामानहरुको भुक्तानी वापत पर्यटकले बैंक/वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रा बुझाउन ल्याएमा विदेशी मुद्रा स्वीकार गरी सोको हुने रुपैयाँ स्थानीय विक्रेता फर्मको खातामा जम्मा गरी निर्यातको अग्रीमा भुक्तानी प्रमाणपत्र विक्रेता नाउँमा जारी गरी दिने व्यवस्था गरिएको हुँदा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

तर, पर्यटकले नगद विदेशी मुद्रा बुझाउने भएमा अमेरिकी डलर दुई हजार (वा सो बराबर अन्य विदेशी मुद्रा) भन्दा वढीको हकमा नेपाल प्रवेश गर्दा Declare गरी ल्याएको यकिन गरेर मात्र स्वीकार गर्न मिल्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक